## क्यानाडाको भ्यानकुभर मा मिति २०७४।७।२८ देखि ७।२९ सम्म सम्पन्न United Nations Peacekeeping Defense Ministerial Conference सम्बन्धी

### प्रेश विज्ञप्ति

मित्रराष्ट्र क्यानाडाको भ्यानकुभरमा मिति २०७४।७।२८ र २९ (तदनुसार १४ र १५ नोभेम्बर २०१७) मा सम्पन्न United Nations Peacekeeping Defense Ministerial Conference मा नेपालको तर्फबाट माननीय रक्षामन्त्री श्री भीमसेन दास प्रधानज्यूको नेतृत्वमा परराष्ट्र मन्त्रालय, रक्षा मन्त्रालय र नेपाली सेनाका प्रतिनिधी तथा क्यानाडाका लागि नेपालका महामहिम राजदूत सम्मिलित ६ सदस्यीय प्रतिनिधी मण्डलले सहभागिता जनाई मिति २०७४।८।१ गते नेपाल फिर्ता भएको छ ।

जापानको टोकियो, रुवान्डाको किगाली र बंगलादेशको ढाकामा सम्पन्न तीनवटा Preparatory meetings पश्चात संयुक्त राष्ट्रसंघ र क्यानाडाको संयुक्त तत्वावधानमा आयोजना गरिएको यो सम्मेलनमा ७९ राष्ट्रका रक्षामन्त्री, परराष्ट्र मन्त्री तथा उच्च सुरक्षा अधिकारीहरु र पांचवटा अन्तर्राष्ट्रिय संगठनहरुको सहभागिता थियो । सम्मेलनको समुदघाटनमा क्यानाडाका माननीय रक्षामन्त्री श्री हरिजित सिंह साजन, संयुक्त राष्ट्रसंघीय उप महासचिव श्री जों पिएर लाक्वा र क्यानाडाका सम्माननीय प्रधानमन्त्री श्री Justin Trudeau ले विशेष सम्बोधन गर्नु भएको थियो । संयुक्त राष्ट्रसंघको शान्ति स्थापना कार्यको प्रभावकारितामा बृद्धि गर्नका लागि आवश्यक पर्ने विभिन्न क्षमताहरु (Units and Capabilities) बारे सदस्यराष्ट्रहरुबाट प्रतिबद्धताहरु संकलन गर्ने मुख्य लक्ष्य रहेको उक्त सम्मेलनमा Innovation in training and capacity building, Smart pledges, Protecting those at risk र Early warning and rapid deployment गरि चारवटा विषयहरुमा छलफल भएको थियो । सबै छलफलहरुमा Integrating gender perspective लाई समावेश गरिएको थियो ।

उक्त सम्मेलनमा माननीय रक्षामन्त्रीज्यूले नेपालको तर्फबाट विगतमा गरिएका प्रतिबद्धताहरुको अलावा सन २०१७/१८ को लागि नेपाली सेनाको थप एक पदीक गण, एक ईन्जिनियर गुल्म र एक सैनिक प्रहरी गुल्म तथा प्रहरी बाट थप अधिकृतहरु पठाउने प्रतिबद्धता व्यक्त गर्नु भयो । सन २०१८/१९ का लागि भने, हाल सन २०१७/१८ का लागि संयुक्त राष्ट्र संघबाट माग भएको ६० दिन भित्र तैनाथ गर्ने गरी Rapid Deployment Level मा तयारी हालतमा राखिएको नेपाली सेनाको एक पदिक गण र एक विशेष कार्य फौजको गुल्मलाई नै कायम राख्ने र नेपाल प्रहरीको थप दुई Formed Police Unit को प्रतिवद्धता व्यक्त गर्नु भयो । यसको साथै नेपालको बीरेन्द्र शान्ति कार्य तालिम केन्द्रमा विदेशी शान्ति सैनिकहरुलाई आवश्यक तालिम संचालन तथा अन्य ठूला अभ्यास संचालन गर्नको लागि केन्द्र उपलब्ध गराउने प्रतिवद्धता समेत व्यक्त गर्नु भयो । वहांले आफ्नो सम्बोधनको क्रममा नेपालले शान्ति स्थापना कार्यमा महिला सहभागिता बृद्धिका लागि नेपाली सेनामा महिलाहरुको लागि स्टाफ कलेज तालिमको अवसर खुल्ला गरिएको जस्ता कदमहरुबारे जानकारी गराउदै शान्ति स्थापना कार्यको प्रभावकारितामा बृद्धि गर्नका लागि फौज तैनाथ गर्ने राष्ट्रहरुको क्षमता अभिबृद्धि गर्न अपरिहार्य रहेको कुरामा जोड दिनुभयो ।

सोही सम्मेलनको Sideline मा माननीय रक्षामन्त्रीज्यूले संयुक्त राष्ट्रसंघका Under Secretary General for Department of Field Support अतुल खरे, Ireland का रक्षा राज्यमन्त्री Paul Kehoe तथा अमेरिकी प्रतिनिधी मण्डलका अधिकारीहरुसंग द्विपक्षीय भेटवार्ता गर्नु भयो ।

द्विपक्षीय भेटवार्ताका क्रममा संयुक्त राष्ट्र संघीय उपमहासचिव श्री खरेले नेपालले शान्ति स्थापना कार्यमा पुऱ्याएको योगदानको प्रशंसा गर्नु हुदै नेपालले संयुक्त राष्ट्रसंघको ७२ औं महासभाको दौरानमा महासचिव श्री एण्टोनियो गुटेरेद्धारा प्रस्तुत Voluntary Compact on Preventing Sexual Exploitation and Abuse मा आवद्ध भएकोमा धन्यवाद ज्ञापन गर्नु भएको थियो । माननीय रक्षामन्त्री श्री प्रधानले उक्त समयमा संयुक्त राष्ट्रसंघको Trust Fund for Victims of Sexual Exploitation and Abuse मा नेपालले पनि सांकेतिक योगदान गर्ने बिषयलाई सकरात्मक रुपले विचार गर्ने विश्वास दिलाउनु भएको थियो ।

मित्र राष्ट्र Ireland संगको छलफलमा राज्यमन्त्री Kehoe ले UNIFIL Lebanon मा दुई देशले लामो समय सम्म सहकार्य गरेको स्मरण गर्दै त्यसलाई थप बलियो र प्रभावकारी बनाउन पर्नेमा जोड दिनु भएको थियो भने माननीय रक्षामन्त्रीज्यूले नेपाली शान्ति सेनाले तैनाथ भएको सबै मिशनहरुमा आफ्नो कार्य उत्कृष्ट ढंगले सम्पादन गरीरहेको र Lebanon मा पनि तैनाथ नेपाली सेनाको युनिटले Ireland को युनिटलाई सहयोग गर्न सदा तत्पर रहने विश्वास दिलाउनु भएको थियो ।

अमेरिकी प्रतिनिधी मण्डलसंग भएको द्विपक्षीय भेटवार्तामा, माननीय मन्त्रीज्यूले अमेरिकाले नेपाललाई शान्ति स्थापना कार्यमा पूर्वाधार विकास र तालिम लगायतका क्षेत्रमा दिई आएको सहयोगका लागि धन्यवाद ज्ञापन गर्नु भयो । अमेरिकी प्रतिनिधी मण्डलको तर्फबाट, अफ्रिकी राष्ट्र मालीमा नेपालले हेलिकप्टर तैनाथ गर्ने भएमा सोको लागि मर्मत संभार एवं तालिम दिने कार्यमा सहयोग गर्न सकिने संभाव्यता रहेको जानकारी दिनु भएको थियो । यसको संभाव्यता अध्ययन तथा सहयोगको प्रकृति र आवश्यकता निर्क्यौल गर्न एक अमेरिकी विज्ञ टोली छिट्टै नेपाल आउने सहमती भएको थियो । छलफलमा अमेरिकी प्रतिनिधी मण्डलले नेपालले आगामी वर्षमा यो मन्त्रीस्तरीय बैठक Follow up मा क्षेत्रीय स्तरको सम्मेलन नेपालमा आयोजना गर्न सकिने संभावनाबारे जिज्ञासा राखेको थियो । प्रत्युत्तरमा माननीय रक्षामन्त्रीज्यूले आफूहरु सकारात्मक रहेको बताउदै नेपालमा आन्तरिक परामर्श र छलफल पश्चात यस बारेमा जवाफ दिने जानकारी गराउनु भएको थियो ।

उक्त सम्मेलनमा आयोजक राष्ट्र क्यानाडाले Vancouver Principles on Child Soldiers प्रस्तुत गरेकोमा नेपालले उक्त Principles हरुको अध्ययन पश्चात त्यसमा आफ्नो धारणा प्रेषण गरिने जानकारी गराएको थियो ।

संयुक्त राष्ट्रसंघको शान्ति स्थापनासम्बन्धी कार्यलाई अझ प्रभावकारी र समय सापेक्ष बनाउने तथा त्यस प्रयोजनका लागि सदस्य राष्ट्रहरुको सहयोग र प्रतिवद्धता जुटाउने उद्देश्यले आयोजना गरिएको उक्त सम्मेलन समग्रमा सफल रहेको महशुस गरिएको छ । विगत ५९ वर्ष देखि विश्व शान्ति स्थापना कार्यमा नेपालले पुऱ्याएको विशिष्ट योगदान र हाल शान्ति सेना र प्रहरी तैनाथ गर्ने छैठौं ठूलो राष्ट्रको रुपमा नेपाल रहेको पृष्ठभमिमा यस मन्त्रीस्तरीय सम्मेलनमा माननीय रक्षामन्त्रीज्यूको नेतृत्वमा भएको नेपालको सहभागिता र थप प्रतिवद्धताहरुबाट शान्ति स्थापना गर्ने कार्यमा नेपालको अटुट योगदान तथा राजनैतिक प्रतिवद्धतालाई पुनर्पुष्टि गरेको छ ।